## हरिवन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं.२,नेपाल

हरिवन, सलाही

## आ.व. २०७६।०७७ को लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि सम्वन्धी सिलवन्दी दरभाउ आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६।०९।०३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ. को ६ अनुसार यस नगरपालिकाको आगामी २०७६।०७७ का लागि नगरपालिकाको नदी क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोके बमोजिमको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रि सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले तपसिलको शर्त बन्देजमा रही सिलवन्दी दरभाउ पत्र हरिवन नगरपालिकामा दाखिला गर्नुहुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठे.नं राजश्व | विवरण | न्युनतम ठेक्का अंक (मु.अ.कर सहित) | धरौटी रकम | दरभाउ फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| ०१/०७६।०७७ | नगरपालिकाको क्षेत्रका देहायबमोजिमका क्षेत्रहरु | रु. १८,००,०००।०० (अक्षेरुपी अठार लाख मात्र) | कबोल अंकको ५ प्रतिशत | रु १०००।०० | २०७६।९।१७ दिनको ५ बजे कार्यालयको समय सम्म | २०७६।९।१८गते १२ बजे सम्म | २०७६।९।१८गते दिनको २ बजे |

**देहाय:**

| सि.नं. | उत्खनन् हुने क्षेत्र | वार्षिक उत्खनन् परिमाण (घ.मि.) | दैनिक उत्खनन् सीमा (घ.मि.) |
|---|---|---|---|
| १ | लखेन्देही खोला क्षेत्र भएर बग्ने नदीको पुर्व पश्चिम राजमार्ग अन्तंगत पुलदेखि उत्तर तर्फ वार्ड २,३,४ र पुल देखि दक्षिणतर्फ वार्ड ४, ५ सम्म । | १२,७४०.०० | ९८.०० |

**शर्तहरु:-**

१. उत्खननको हकमा उल्लेखित ठेक्का आ.व. २०७६ पौष महिना देखि २०७७ जेष्ठ मसान्त सम्मका लागि हुनेछ । तर आ.व. को अन्तमा संकलित मौज्दातबाट बिक्रिको हकमा २०७७ साल असाढ मसान्तसम्म कायम हुनेछ । साथै प्रचलित कानूनबमोजिम २०७७ आषाढ मसान्त पश्चात् सबै उद्योगहरुको मौज्दात शुन्य हुनेछ ।

२. उल्लेखित आय ठेक्काको दरभाउपत्र फारम माथि उल्लेखित मितिभित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

३. उल्लेखित दरभाउहरु खरिद गर्दा फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व. २०७४।०७५ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थानिय फर्मको हकमा नगरपालिकामा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र नविकरणको प्रतिलिपि समेत संलग्न हुनुपर्ने छ ।

४. खरिद गरिएको दरभाउपत्र, दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० बजेसम्म सिलबन्दि फारम दर्ता गर्न सकिनेछ । रितपुर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउहरु दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयको प्रतिनिधि र ठेकदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर ठेकदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि उल्लेखित आय ठेक्काको सिल्वन्दी दरभाउहरु खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दाखिला गर्दा आफूले कबोल गरेको आय ठेक्का अंकको ५ प्रतिशत रकम धरौटी बापत हरिवन नगरपालिका कार्यालयको नाममा ने.बै.लि., हरिवनमा रहेको धरौटी खाता नं. १३२०३०००००००३००००७१ मा जम्मा गरेको सक्कलै भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस नगरपालिकाको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको दरभाउपत्र जमानत पेश गर्नुपर्नेछ ।

५. कबोल रकम अंक र अक्षरमा प्रस्ट संग उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । फर्म वा कम्पनीको छाप अनिवार्य हुनुपर्नेछ ।

६. बोलपत्र स्वीकृति भएको जानकारी पाएको ७ (सात) दिनभित्र प्रस्तावदाताले २५% ले हुने रकम नेपाल बैंक हरिवन शाखाको हि.नं. १३२०३००००००००४००१००१ खातामा जम्मा गरेको सक्कल भौचर तथा बाँकी रकम सम्झौतामा उल्लेख भए अनुसार बुझाउनु पर्ने छ । साथै बाँकी ७५% ले हुने रकमको हकमा नेपाल सरकारबाट मान्यताप्राप्त बाणिज्य बैंकबाट यस नगर कार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौताको म्याद सकिएको अवधी भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) सम्झौताका समयमा पेश गर्नुपर्नेछ ।

७. यस सुचनाबमोजिम सम्झौता गरिसकेपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन । दरभाउ पत्रको बोलकबोल रकम एकमुष्ट नगद बुझाएमा ठेक्का अंकको १०% ले हुने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ ।

८. ठेकेदारले धरौटी रकम ठेक्काको अवधि समाप्त भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिइनेछ ।

९. ढुंगा, गिट्टी, बालुवा वा भरोट माटो आदि निकाल्दा अर्काको घर, जग्गा, कुलो, बाँध, बाटो आदि क्षति हुने गरी निकाल्न पाईने छैन । उक्त निर्माण सामग्री झिक्नु पर्ने स्थान जान आउन आवश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नुपर्ने अवस्थाआएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । साथै सो खर्च नगरपालिकासंग दावीगर्न पाउने छैन । ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा, आदि उत्खननको लागि नगरपालिकाको उपलब्ध गराइएको उत्खनन अनुमती र प्रवेश पासको आधारमा मात्र सम्झौताबमोजिम उत्खनन्, संकलन र बिक्री हुनेछ ।

१०. यस सूचनामा उल्लेखित बुँदाहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा प्रचलित नियमानुसार हुनेछ ।

११. यस सम्बन्धी थप बुझ्नु परेमा कार्यालयको पूर्वाधार बिकाश शाखाको फोन नं. ९८५४०३७४१७ मा फोन गरी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**